**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. देशले आज संविधान दिवस मनाईरहेको छ। मुख्य कार्यक्रम नयाँ दिल्लीस्थित संविधान सदनको केन्द्रीय कक्षमा आयोजित हुनेछ। राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री, लोकसभा अध्यक्ष र दुवै सदनका सांसदहरू उपस्थित हुनेछन्।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्सिङमार्फत हैदराबादको जीएमआर एयरोस्पेस र औद्योगिक पार्कमा रहेको सफ्रान एयरक्राफ्ट इंजन सर्विसेज इंडिया सुविधाको उद्घाटन गर्नुहुनेछ।

३. भारतले रूसको नेतृत्वमा रहेको युरेशियन आर्थिक संघसँग स्वतन्त्र व्यापार सम्झौता एफटीएको लागि औपचारिक वार्ता सुरु गर्नेछ।

४. मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्री राजीव राजन सिंहले आज नयाँ दिल्लीमा राष्ट्रिय दुग्ध दिवसको अवसरमा राष्ट्रिय गोपाल रत्न पुरस्कार २०२५ प्रदान गर्नुहुनेछ।

५. अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले २०२६ को पुरुष T20 विश्वकपको तालिका घोषणा गरेको छ।

**<u>प्रधानमन्त्री - संविधान दिवस</u>**

देशले आज संविधान दिवस मनाईरहेको छ। यस वर्षको समारोहको विषय छ **-हाम्रो संविधान-हाम्रो स्वाभिमान**। मुख्य कार्यक्रम नयाँ दिल्लीस्थित संविधान सदनको केन्द्रीय कक्षमा आयोजित हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज संविधान भवनको केन्द्रीय हलमा संविधान दिवस समारोहमा भाग लिनुहुनेछ। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, उप राष्ट्रपति सी.पी. राधाकृष्णन, लोकसभा अध्यक्ष ओम बिर्ला र दुवै सदनका सांसदहरू उपस्थित हुनेछन्।

राष्ट्रपति द्रौपदी मुर्मुको नेतृत्वमा संविधानको प्रस्तावना पढेर सुनाइनेछ। थप रूपमा संविधानका अनुवादित संस्करणहरू मलयालम, मराठी, नेपाली, पञ्जाबी, भोडो, कश्मीरी, तेलुगु, उडिया र आसामीसहित नौ भाषाहरूमा विमोचन गरिनेछ। यस अवसरमा एक स्मारक पुस्तिका पनि विमोचन गरिनेछ। यस वर्ष, संविधान अपनाएको सम्झनामा ७६ औं संविधान दिवस मनाइँदैछ।

**बाइट**

**<u>पीएम-एसएईएसआई</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्सिङ मार्फत हैदराबादको जीएमआर एयरोस्पेस र औद्योगिक पार्कमा रहेको सफ्रान एयरक्राफ्ट इंजन सर्विसेज इंडिया सुविधाको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमा भनेको छ कि एसएईएसआई अत्याधुनिक उड्डयन प्रोपल्सन इन्जिनहरूको लागि सफ्रानको समर्पित मर्मतसम्भार, मर्मत र ओभरहाल सुविधा हो। यस सुविधाको साथ पहिलो पटक, एक विश्वव्यापी इन्जिन मूल उपकरण निर्माताले भारतमा एमआरओ सञ्चालन स्थापना गरेको छ। यो एमआरओ सुविधा उड्डयन क्षेत्रमा आत्मनिर्भरताको लक्ष्यतर्फ एक प्रमुख कदम हुनेछ। एमआरओमा स्वदेशी क्षमताहरू विकास गर्नाले विदेशी मुद्रा बहिर्गमन घटाउनेछ, उच्च-मूल्य रोजगारी सिर्जना गर्नेछ ।

**सीतारमण - समीक्षा बैठक**

कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले आफ्नो मन्त्रालयले समय समयमा आफ्नो नियम र विनियमहरू संशोधन गरेको बताउनु भएको छ ताकि प्रणालीहरू आजको भारतको आवश्यकता अनुरूप छन्। उहाँले नयाँ दिल्लीमा क्षेत्रीय निर्देशनालयहरू र कम्पनी रजिस्ट्रारहरूको समीक्षा बैठकको अध्यक्षता गर्नु हुँदै यो बयान दिनु भएको छ। बैठकलाई सम्बोधन गर्नु हुँदै सुश्री सीतारमणले प्रणाली र प्रक्रियाहरूलाई समयमै आधुनिकीकरण गरेमा मात्र भारत विकसित देश बन्न सक्ने बताउनु भयो।

**भारत-मुक्त व्यापार सम्झौता**

भारतले रूसको नेतृत्वमा रहेको युरेशियन आर्थिक संघसँग स्वतन्त्र व्यापार सम्झौता एफटीएको लागि औपचारिक वार्ता सुरु गर्नेछ। वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले घोषणा गर्नु भयो, रूस, आर्मेनिया, बेलारुस, काजाकिस्तान र किर्गिस्तान सम्मिलित पाँच सदस्यीय युरेशियन आर्थिक संघ समूहसँग स्वतन्त्र व्यापार सम्झौता एफटीएमा छलफल २० अगस्ट २०२५ मा नयाँ दिल्लीमा भएको सन्दर्भ सर्तहरूमा हस्ताक्षरपछि सुरु हुनेछ। सन्दर्भ सर्तहरूले भारतीय व्यवसायहरू, विशेष गरी सूक्ष्म, साना र मझौला उद्यमहरू, किसानहरू र मछुवाहरूका लागि नयाँ बजारहरू खोल्नमा केन्द्रित १८-महिनाको रोडम्यापलाई रूपरेखा दिन्छ। संयुक्त राज्य अमेरिकाले लगाएको उच्च शुल्कको बीचमा भारतले आफ्नो निर्यात गन्तव्यहरू विविधीकरण गर्न खोजेकोले यो पहल महत्त्वपूर्ण छ।

**गोयल- व्यापार मंडल की बैठक**

संघीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले युरोपेली संघमा समुद्री खानाको निर्यात विगत तीन महिनामा तीव्र गतिमा बढेको बताउनु भएको छ। चेम्बर अफ कमर्स बैठकको अध्यक्षता गरेपछि नयाँ दिल्लीमा मिडियालाई जानकारी दिनु हुँदै श्री गोयलले यो वृद्धि यस वर्ष सेप्टेम्बरमा यूरोपीय संघले १०२ समुद्री प्रतिष्ठानहरूलाई अनुमोदन गरेको कारणले भएको बताउनु भयो। उहाँले गत वर्षको सोही अवधिको तुलनामा व्यापार कारोबारमा पनि वृद्धि देखिएको उल्लेख गर्नु भयो। श्री गोयलले भन्नु भयो, विश्वव्यापी रूपमा चुनौतीपूर्ण परिस्थितिहरूको बावजुद, भारत एक अग्रणी देश बनेको छ।

**राष्ट्रिय दूध दिवस**

मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्री राजीव राजन सिंहले आज नयाँ दिल्लीमा राष्ट्रिय दुग्ध दिवसको अवसरमा राष्ट्रिय गोपाल रत्न पुरस्कार २०२५ प्रदान गर्नुहुनेछ। कार्यक्रमको क्रममा, पशुधन र दुग्ध क्षेत्रलाई सुदृढ पार्ने उद्देश्यले धेरै प्रमुख पहलहरू सुरु गरिनेछ। यसमा नस्ल गुणन फार्महरूको उद्घाटन, आधारभूत पशुपालन तथ्याङ्क २०२५ को सुरुवात समावेश छ, जसले भारतमा पशु चिकित्सा पूर्वाधारको न्यूनतम आवश्यकताहरूको लागि नीति योजना र दिशानिर्देशहरूको लागि अद्यावधिक र व्यापक तथ्याङ्क प्रदान गर्दछ।मन्त्रालयले भनेको छ, कार्यक्रमको विशेष आकर्षण केन्द्रीय मन्त्रीले मोहाली मिल्क युनियन मिल्क फेडरेशनबाट २० राष्ट्रिय डेरी विकास कार्यक्रम-सहायता प्राप्त दूध ट्याङ्करहरूलाई झण्डा देखाउनु हुनेछ।

**इफ्फी**

भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सवको ५६ औं संस्करण फिल्म उद्योगको लागि एक प्रमुख आकर्षणको विषय बनेको छ। आकाशवाणीले यसलाई विशेष रूपमा प्रसारण गरिरहेको छ।

**तेलंगाना - पञ्चायत चुनाव**

तेलंगाना राज्य निर्वाचन आयोगले डिसेम्बर ११, १४ र १७ मा हुने तीन चरणको पञ्चायत चुनावको तालिका जारी गरेको छ। प्रत्येक चरणको मतगणना एकै दिन हुनेछ ।

**नेपाल – चुनाव**

नेपालको वित्त मन्त्रालयले ५ मार्च २०२६ मा हुने प्रतिनिधि सभाको चुनावका लागि निर्वाचन आयोगलाई लगभग पाँच अरब रुपियाँ निकासा गरेको छ, जबकि निर्वाचन आयोगले सात अरब रुपियाँ अनुरोध गरेको थियो।

**राष्ट्रमंडल खेल महासभा**

२०३० को राष्ट्रमण्डल खेल आयोजना गर्ने भारतको दाबी आज ग्लासगोमा हुने राष्ट्रमण्डल खेल महासभामा औपचारिक रूपमा अनुमोदन हुनेछ। यो कार्यक्रम भारतलाई वैश्विक खेल केन्द्रको रूपमा स्थापित गर्न महत्त्वपूर्ण हुनेछ।

**T20 विश्वकप २०२६**

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले २०२६ को पुरुष T20 विश्वकपको तालिका घोषणा गरेको छ। प्रतियोगिता ७ फरवरीमा सुरु हुनेछ र भारत र श्रीलंकाले आयोजना गर्नेछन्। भारत विरुद्ध पाकिस्तान क्रिकेट म्याच १५ फरवरीमा कोलम्बोको आर. प्रेमदासा स्टेडियममा खेलिनेछ।

****** ० ******